# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रुपा गाउँपालिका
## कास्की

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रुपा गाउँपालिका

कास्की

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रुपा गाउँपालिका

## कास्की

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**अनामनगर, काठमाडौं, नेपाल**

Anamnagar, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)


प.सं. २०८०।८१

च.नं. ११

मिति : २०८१।२।१३

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू ,

रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कास्की।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड २५ लाख २१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा असुल गर्नुपर्ने रू. ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ०८ लाख १४ हजार, नियमित गर्नुपर्ने रु.१६ लाख ५८ हजार समेत गरी यस वर्ष रु.२ करोड २५ लाख २१ हजार बेरुजू कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ९ करोड ४१ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड

६६ लाख ९९ हजार रहेको छ ।पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( जयराम घिमिरे )**
**नायब महालेखापरीक्षक**

रुपा गाउँपालिका,

कास्की जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | २२ | २२५२१ | ० | ० | ० | ४९ | २२ | २२५२१ | ४९ | १६५८ | २०८१४ | ० | ० | २२५२१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कास्की | ९४१७८ | ० | ० | ० | ० | २२५२१ | ११६६९९ |

## परिचय

१

**(क) कार्यालय परिचयः** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ९४.८१ वर्ग किलोमिटर तथा १४८९१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष

२०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।१२ देखि २०८०।०९।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबारतर्फको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २१६६८५.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बैठक भत्ता | ४३३५० |
| २ | भ्रमण खर्च | ८२०० |
| ३ | वढी खर्च लेखाङ्कन | ७८२० |
| ४ | वढी खर्च लेखाङ्कन | ६१२० |

| | | |
|---|---|---|
| ५ | वैठक भत्ता | २५५०० |
| ६ | वैठक भत्ता | १३२०० |
| ७ | पदाधिकारी चाडपर्व खर्च | ३४६५० |
| ८ | शिक्षकलाई वढी निकासा | ११८४६ |
| ९ | सामाजिक सुरक्षा भत्ता मृत्यू पछि निकासा | ४०४९९ |
| १० | वैठक भत्ता | २५५०० |
| | जम्मा | २१६६८५.०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा अनुसूची- मा उलेल्ख गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११८२६६६९४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११८२६६६९४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा

सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ

## ४ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु ५५ करोड ७२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० गतेमा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०५ गते प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ५ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ८५४८१११३.१४ | ८५४८१११३.१४ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | १००००००.०० | १००००००.०० | ० |
| विपद व्यवस्थापन खाता | २५१७२१०.०० | २५१७२१०.०० | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | ०.०० | ०.०० | ० |

## ६ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ८ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षिय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गत वर्षको भुक्तानी बाँकी यस वर्षको बजेटमा गाँऊसभा बाट रु ७ करोड ८६ लाख समावेश गरी विभिन्न ९७ योजना तथा कार्यक्रमको रु. ४ करोड ३० लाख ४७ हजार खर्च गरेको देखिन्छ । ऐनको व्यवस्था अनुसार बहुवर्षिय खरिद पनि नभएको, विशेष परिस्थितिबाट सृजित दायित्व पनि नभई विभिन्न उपभोक्ता समितिको भुक्तानी वाँकी , यूवा तथा खोलकुद मैदान निर्माण, जेष्ठ नागरिक मैत्री भवन, आमा समूह भवन निर्माण, विद्यालय भवन मर्मत जस्ता कार्यको भुक्तानी बाँकी राखी दायित्व सृजना गरि गराई यस वर्ष कार्यक्रममा राखी बजेट खर्च गर्नु बजेट खर्चको सिद्धान्त विपरित देखिन्छ । सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम

हुने गरी खर्च गर्नुपर्ने र जुन आ.व को बजेट सोही वर्षमा प्रतिफल प्राप्त हुने गरी लक्षित वर्गसम्म पुग्ने गरी खर्च गर्नुपर्नेमा गत वर्षको बजेट तथा कार्यक्रमको भुक्तानी सोही वर्षमा गर्नको लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा समानीकरण अनुदानमा बजेट सिलिङ्ग बमोजिमको रकम प्राप्त नभएको कारण देखाई भुक्तानी बाँकी राखी अर्को वर्षमा खर्च गर्ने गरी कार्यक्रम स्वीकृत, बजेट व्यवस्था गर्नाले यस वर्षको बजेट परिचालनमा समेत प्रभाव पार्ने गरी बजेट व्यवस्था एंव खर्च गर्नु नियम सम्मत नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

## ९ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष निम्नानुसार अवण्डा बजेट रु. ९७,८०,०००.०० बाट रु. २१,४६,०००.०० खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | उपाध्यक्ष सँग महिला कार्यक्रम | ३०००००० | ६२८००० |
| २ | अध्यक्षको तोक आदेश अनुसार गरिने चालु खर्च | ९००००० | ९००००० |
| ३ | भैपरी आउने चालु खर्च | ४७००००० | ० |
| ४ | भैपरी आउने पुँजीगत खर्च | ११००००० | ६१८००० |
| | जम्मा | ९७००००० | २१४६००० |

## १० लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति |
|---|---|---|

| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
|---|---|---|---|---|---|
| कार्यक्रम संख्या | ३१५ | १५ | १ | ७४ | २२५ |

## ११ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १०६६०४८२९.४ | २०८०४५१४ | १३३५६३६७ | ९८०३३०० | ४०७३०८२६ | १८३१४६८७ |
| प्रतिशत | १०० | १९.५१ | १२.५३ | ९.१९ | ३८.२० | १७.१८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार प्रथम त्रैमासिकमा १९.५ प्रतिशत , दोस्रो त्रैमासिकमा १२.५३ प्रतिशत , तेस्रो त्रैमासिकमा ९.१९ प्रतिशत चौथो त्रैमासिकमा ३८.२० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र कूल खर्चको १७.१८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १२ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २७४५६६३८.०० | १५८९६२४६.०० | ४.०५ |
| २ | पूर्वाधार विकास | १२३८८२४३८.०० | ६९०३९५१३.०० | १७.५९ |
| ३ | सामाजिक विकास | २६७२३६२४६.०० | २१०८६८३८६.०० | ५३.७५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३१५८८८२५.०० | १२०७३९५१.०० | ३.०८ |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०७०८३२८६.०० | ८४४५९६८०.०० | २१.५३ |
| जम्मा | | ५५,७२,४७,४३३.०० | ३९,२३,३७,७७७.०० | ७०.४१ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.७५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ३.०८ प्रतिशत रहेको छ ।आर्थिक विकास तथा पूर्वाधार विकासमा तुलनात्मक रुपमा कम बजेट खर्च भएको देखिँदा आर्थिक विकास तथा समृद्धिको लागि पूँजिगत क्षेत्रमा अधिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

## १३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार बिभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

## १४ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०६६०४८२९.३७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १५ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ११९३१०३४, राजस्व बाँडफाँड र अनुदानबाट रु ३५०९४५२७३ समेत रु ३६२८७६३०७ आम्दानी भएकोमा चालु तर्फ रु २८५७३२९४७ र पूँजिगत तर्फ रु १०६६०४८२९ समेत रु ३९२३३७७७७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.०४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु ७८८०००० खर्च भएको छ जुन आन्तरिक आयको ६६.०४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८१.४२ प्रतिशत चालु र ३०.३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १६ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १५.९२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए

अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | Fabrication of Steel parts of Chorgauda Baskot Trail Bridge,Bridi Dhovan Trail Bridge | 2/NCB/GOODS/RUPA/2079/2080 | Junkiri Industries Pvt.Ltd | ३५३९९४३.६८ | २९७५५७८.८८ | १५.९२% |

## १७ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १८ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था निम्न छः

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | २०७५-०२-०९ | १ | ३,६६५,००० | पिकअप स्कारपियो |
| | २०७८-०३-१८ | १ | ३,९८५,००० | ब्याक हो-लोडर |
| | २०७५-१२-३० | १ | हस्तान्तरण भई आएको | मित्सुविस पजेरो (संघिय संसद सचिवालय) |
| | २०७८-०१-०५ | १ | हस्तान्तरण भई आएको | ग १ ब ५३६ (भारतिय राजदुतावासको सहयोगमा) |
| | २०७९-०१-०८ | १ | हस्तान्तरण भई आएको | टाटा सुमो एम्बुलेन्स (रोटरी क्लब अप पशुपती) |
| | २०७४-०७-२० | १ | २५६००० | बजाज पल्सर १८० सिसि |
| | २०७५-०१-२५ | ४ | ६८०००० | सुपर स्पेलेन्डर १२५ सिसि |
| | २०७७-०६-२६ | ३ | ५३०७०७ | टिभियस स्ट्राइकर १२५ सिसि |
| | २०७७-०६-२६ | १ | १८३९८२ | WEGO Scooter |
| | २०७८-०९-२५ | २ | ४४२४७७ | बजाज पल्सर १५० सिसि |
| | २०७९-०५-१२ | १ | २९९९०० | बजाज पल्सर १५० सिसि |
| | २०८०-०१-१५ | १ | २९०९०० | बजाज पल्सर १५० सिसि |

## १९ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## २० राजश्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा, १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, सो भन्दा बढी ढिला गरेको भए १० प्रतिशत जरिवाना लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने

व्यवस्था छ । पालिकाले वडा बाट प्राप्त गरेको राजश्व रकम नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरे नगरेको सम्बन्धमा एकिकृत विवरण तयार पारेको छैन ।पालिकाले महिनाभरी संकलन गरेको राजस्व अर्को महिना बैक दाखिला गर्ने गरेको छ ।केही वडा कार्यालयहरुले महिना वितेको २ महिना ढिला गरी राजस्व जम्मा गर्ने गरेको देखिएको छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम समयमै बैकमा दाखिला गर्न तर्फ ध्यान दिनुपर्दछ ।

## २१ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ८४००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## २२ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,११,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु ६८,७४,१५७.०० अर्थात अनुमान भन्दा ३८.०७ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## २३ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ .।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८,५७,३२,९४८.०० | ६८,७४,१५७.०० | २.४१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २४ कर तथा शुल्क असुली

.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौली शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २०००००० | १२,९६,३४७ | ६४.८ |
| घरजग्गा वहाल कर | २,००,००० | ३,८९,८४०.०३ | १९४.८२ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८००००० | ८४००० | १०.५० |
| अन्य प्रशासनिक सेवा सुल्क | २०००००० | १५,६०,६७३. | ७८.03 |
| सिफारीस दस्तुर | १५,००,००० | १७,८०,१३७ | ११८.६७ |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५०००००० | ३१,५८,८३६ | ६३.१८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ

## २५ राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

## २६ मूल्य अभिवृद्धि कर कट्टी

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर विश्व शान्ति मा.विले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु २२,३५७ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले कट्टा गरेको प्रमाण विद्यालयबाट लिनुपर्ने रु

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| ३२४।२०८०।३।१९ | स्मार्ट आ टि सप्लार्यस | ६४७८०० | ७४५२५ | २२३५७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,३५७ |

## २७ मू.अ.कर समायोजन

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग बमोजिम सरकारी कार्यालयले सेवा प्रदायक संस्था वा आपूर्तिकर्तालाई मू.अ.कर रकम भुक्तानी गर्दा तीस प्रतिशत कार्यालयले कट्टा गरी बाँकी रकम निजलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गो. भै.नं ९५।२०७९।८।२१ बाट माछापुच्छ्रे आई.टि सोलुसन प्रा.लि लाई रु.९९०००० भुक्तानी गर्दा मू.अ.कर वापत रु.११३८९४ भुक्तानी गर्दा रु.३४१६८ कट्टा गर्नुपर्नेमा नगरेकोले मू.अ.कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असूल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,१६८ |

## २८ फरक राजस्व शिर्षकमा आय ठेक्काको मू.अ.कर दाखिला

नेपाल सरकार, आन्तरिक राजस्व विभागले गरेको राजस्व शिर्षकको वर्गीकरण र व्याख्या बमोजिम राजस्व शिर्षक नं ३३३१४ मू.अ.कर ( परामर्श तथा ठेक्का) शिर्षकमा सबै प्रकारका ठेक्का व्यवस्था तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यस शिर्षकमा दाखिला गर्नुपर्ने र राजस्व शिर्षक नं ३३३१७ मू.अ.कर बेदर्ताबालाबाट गर्ने संकलन शिर्षकमा दर्ता नभएको व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनुपर्ने मूल्य अभिवृद्धि कर , स्थानिय तहले मू.अ.कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले संकलन दाखिला गर्ने मुल्य अभिवृद्धि कर यस शिर्षकमा दाखिला गर्नुपर्ने उल्लेख छ । तसर्थ, देहायका ठेक्काहरुमा लाग्ने मूल्य अभिवृद्धि कर राजस्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा ३३३१४ शिर्षकमा दाखिला गरेकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट तोकिएको शिर्षकमा शिर्षक मिलान गरेको प्रमाण प्राप्त गरी पेश हुनुपर्ने रु

| स्थान | सकारकर्ता | कबोल अंक | मू.अ.कर | दाखिला हुनुपर्ने शिर्षक | दाखिला शिर्षक |
|---|---|---|---|---|---|
| मादीनदि माझवेसी घाट | अन्नपूर्ण कन्स्ट्रक्शन एण्ड विल्डर्स | ६५७००० | ८५४१० | ३३३१७ | ३३३१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| मादीनदि पोल्याङ्गटार घाट | इच्छाकामना कन्स्ट्रक्न एण्ड बिल्डर्स | ४४४१७४५ | ५७७४२० | ३३३१७ | ३३३१४ |
| जम्मा | | ५०९८७४५ | ६६२८३७ | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६२,८३७ |

## २९ आय ठेक्का नलागेको

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणिय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा प्लेट, ढुङ्गा, गीटी बालुवा विक्री वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुङ्गा, गिट्टी बालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरि सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका घाट क्षेत्रहरुबाट मू.अ.कर बाहेक रु १६२०१८४९ को मू.अ.कर सहित रु १८३०८०८९ राजस्व संकलन गर्न सकिने देखिएकोमा ४ वटा ठेक्का आव्हान भै २ बटा मात्र आय ठेक्का बन्दोवस्त गरी मू.अ.कर बाहेक रु ५०९८७४५ राजस्व प्राप्त गरेको र २ वटामा वोलपत्र नपरी ठेक्का नलागेको उल्लेख छ । त्यस्तै अन्य ५ वटा घाट खोलाहरुमा EIA( Environment Impact Assessment) प्रतिवेदनले वार्षिक उत्खन्न हुन सक्ने परिमाण उल्लेख गरी प्रतिवेदन दिएतापनि ठेक्का आव्हान नगरेबाट न्यूनतम परिमाण जो EIA प्रतिवेदनले उल्लेख गरेको परिणाम उत्खन्न हुन नसक्दा, ठेक्का आव्हान नगर्दा रु. ९०,१७,५६९.०० राजस्व प्राप्त गर्न सकेको देखिएन । साथै, पालिकाले अमानतबाट समेत राजस्व संकलन गर्नेतर्फ ध्यान दिएको छैन । पालिकाले ठेक्का लगाई राजस्व संकलन गर्न तर्फ ध्यान दिनुपर्दछ ।

| क्रस | स्थान | वार्षिक उत्खनन गर्न सकिने घ मी | ठेक्का गरेको परिमाण | अनुमानित राजस्व मू.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १ | मादीनदी माझवेसी घाट | ४५९० घ मी | १५४७ घ मी | ६५५०७८ | मू.अ.कर बाहेक रु ६५७००० मा ठेक्का लागेको । |
| २ | मादीनदी कुनाको मुख | १५७५० घ मि | ५३०८.०३ घ मी | २२४७६८९ | बोलपत्र नपरेको |
| ३ | विर्दि दोभान | ६४८० घ मी | २१८४ घ मी | ९२४८१६ | बोलपत्र नपरेको |
| ४ | मादी नदी पोल्याङ्गघाट | २३५२० घ मी | ७९२७ घ मी | ३३५६६९७ | मू.अ.कर बाहेक रु ४४४१७४५ ठेक्का लागेको । |
| ५ | आपु खोला | ४६८० घ मी | | | १९८१३२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | पस्तो खोला | ८१०० घ मी | ठेक्का आव्हान नै नभएको । | | ३४२९२१६ |
| ७ | विर्दि खोला | ३२४० घ मी | | | १३७१६८६ |
| ८ | विमलदाडे खोला | १५०० घ मी | | | ६३५०४० |
| ९ | खाल्टे खोला | ३७८० घ मी | | | १६००३०० |
| | **जम्मा** | | | | **९०१७५६९** |

## ३० उत्खनन परिमाणको अनुगमन

पालिकाले घाट ठेक्का बन्दोवस्त गरिसकेपछि तोकिएको परिमाण उत्खनन, संकलन र विक्री गर्न सक्ने हुन्छ । वातावरणिय प्रभाव मूल्याङ्कनको आधारमा तोकिएको परिमाण भन्दा सकारकर्ताले वढी परिमाण उठाए, नउठाएको बारे निरन्तर अनगमन गर्नुपर्ने र सो प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । प्राकृतिक श्रोतको उपयोगको लागि प्राप्त निःशुल्क प्राकृतिक सम्पत्तिको रुपमा रहेको गिट्टी, ढुङ्गा,वालुवा दहत्तर वहत्तरको अनगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

## ३१ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## ३२ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ३३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ३४ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ३८ वटा नियमावली, १ कार्यविधि लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ६० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ।

## ३५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १२ गरी कुल १३ विवाद दर्ता भएकोमा १२ वटा मात्र फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ३६ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु ३८१६९५२ आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ११९३१०३४ को ३२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## ३७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका

आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

## ३८ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत पालिकाका कर्मचारीको रु १८८८९००० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।यस सम्बन्धमा छलफल हुँदा पालिकाले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा तलवी प्रतिवेदन पारित गरिदिन अनुरोध गरेकोमा पारीत नगरेको जवाफ प्राप्त भएको छ ।यस सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ध्यान दिनुपर्दछ ।

## ३९ बढी पेश्की फस्यौट

बढी पेश्की फस्यौटः गो.भै.नं ४७५।०८०।३।३१ बाट नेपाल विद्युत प्राधिकरणको विद्युत पोल सार्नको लागि पेश्की फस्यौट समेतको फाँटवारी बमोजिम रु १८७८४९ खर्च लेखाङ्कन विद्युत प्राधिकरणको प्रमाणित विल भर्पाई अनुसार रु १२८१८५ र पालिका फिर्ता गरेको रु ६००० समेत रु १३४१८५ मात्र हुने हुनाले रु ५३६६४ बढी पेश्की फस्यौट गरेको देखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु ५३६६४ साथै गाउँपालिकामा प्राधिकरणले फिर्ता गरेको रु ६००० समेत रु. ५९,६६४.००ो दाखिला प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,६६४ |

## ४० योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका गरि कुल १८७ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १७ | ३ | .१४ | ० |
| २. | वडास्तर | १७० | ० | ० | १७० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७६ योजनामात्र कार्यान्वयन भई ११ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४१ **क्लवको स्वामित्वमा नरहेको जग्गामा ट्रस निर्माण**

भौ नं ४५९।२०८०।३।२२ बाट ध्रुवतारा क्लवको ट्रस निर्माणको लागि रु ३४२४२३ को लागत अनुमान गरि रु २९१००० कार्यालयले व्यहोर्ने उल्लेख छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार रु ३४२५४१ बराबरको काम भएको देखिन्छ । ध्रुव तारा क्लवको नाउँमा जग्गाको स्वामीत्व २०८०।१२।१२ भित्र दान वा कुनै व्यहोराले जग्गा दिने भनि अमर बहादुर गुरुङ्गले क्लवलाई कागज गरिदिएको आधारमा पालिकाले ( कित्ता नं १५१ को २ रोपनी १४ आना मध्येबाट ४ आना दिने) रु ३००००० खर्च गरेको छ ।उपभोक्ता समितिलाई जग्गा प्राप्त नहुँदै व्यक्तिको नाउँमा रहेको जग्गामा खर्च गर्नु नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

४२ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मजदुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई कार्यपालिकाको समेत निर्णय गराई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने

उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | Upgrading (PCC Works) of Section of Rupakot Thumki Pulchowk Road at Rupa Rural Municipality | 2079-01-16 | 3970735.64 | 2079-07-16 | | 2080-01-30 | 100% |
| 2 | Upgrading of Ramkot Ramadi Road Second Part | 2079-01-23 | 9165385.25 | 2079-07-23 | 8642462 | 2079-12-30 | 83.30% |
| 3 | Construction of Ward no-2 Administrative Building | 2078-10-24 | 15757605.17 | 2079-10-24 | 3322079 | 2080-03-20 | 41.66% |
| 4 | Upgrading of Rupa Rural Municipality-4 Connecting Road (Second Phase) | 2079-01-23 | 6762633.93 | 2079-07-23 | | 2080-12-30 | 83.30% |
| 5 | Fabrication of Steel parts of Chorgauda Baskot Trail Bridge ,Bridi Dhovan Trail Bridge | 2079-09-17 | 2975578.88 | 2079-12-17 | 2975578 | 0 | 0 |

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ५ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका कुनै ठेक्का रहेका छैनन्। एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

## ४३ परामर्श तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार रु ९८८००० पूंजीगत प्रकृतिको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ

। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## ४४ तार जाली खरिद

पालिकाले ग्याविन तार जाली आवश्यकताको पहिचान गरि आवश्यक परिमाण खरिद गर्नुपर्दछ । भौ नं २१९।०८०।२।९ बाट मुस्ताङ्ग जि.आई. वापर ईण्डस्ट्रिज एण्ड सप्लायर्स प्रा.लि लाई २*१*१ को मेस साइज २०० थान ग्याविन जाली खरिद गरेको देखियो ।उक्त तारजाली वितरणको भरपाई पेश नहुनाको साथै प्रधानमन्त्री रोजगार कार्यक्रम ८५ थान बुझेको देखिएतापनि उक्त जालीको प्रयोगको प्राविधिक पुष्टयाई समेत नभएकाले जाली खपतको प्राविधिक पुष्टयाई हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७३,७०६ |

## ४५ लागत अनुमानको यथार्थता

भै नं ८५।०७९।७।३० तालवेशी हाङ्गेवाङ्गे रामकोट मालवेशी ठूलावेशि सडक ग्राभेल गर्ने कार्यको लागि उपभोक्ता समिति संग रु ११४३७०६ को लागत अनुमान भएको देखिन्छ । लागत अनुमान बमोजिम उपभोक्ता समितिलाई रु.१७३७०५.९२(१५.१९%) र गाँऊपालिकाले रु.९७०००० व्यहोर्ने उल्लेख छ । पेश भएको कार्य सम्पन्न प्रतिवेदन निम्नानुसार रहेको देखियोः-

| सि.न | कामको विवरण | ल.ई परिमाण | सम्पन्न परिमाण | प्रतिशत | दर | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | बाटो र साइड ट्रेनमा माटो खन्ने काम | ११५२ घ.मी | ६०२.८८ घ.मी | ४७.६९ | ७४.२४ | ५४९.१२ घ.मि | ४०७५० |
| २ | माटोको लेभलिङ्ग गर्ने | ८७० घ.मि | ५३२.१४ घ.मी | ३८.८३ | ११०० | ३३७.८६ घ.मी | ३७१६४६ |
| ३ | ग्याविनको कार्य | २० घ मी | | | | | |
| ४ | रुख काट्ने हटाउने | १.९६ घ मी | ० | ० | १०० | १.९६ | १४७० |
| जम्मा | | | | | | | ४१३८९६ |

उक्त कार्यको शुन्य प्रतिशत देखि ४७.६७ प्रतिशत सम्म काम गरि कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले लागत अनुमान यथार्थपरक बनाउनुपर्दछ ।

## ४६ नर्मस भन्दा वढी भुक्तानी

भै नं ९८ मिति २०७९।९।५ बाट हात्तीमैता मोटरबाटो ढलान गर्नको लागि उपभोक्ता समितिसंग रु.६८५१५२ मा १५.०६ प्रतिशत उपभोक्ताले व्यहोर्ने गरी लागत अनमान गरेको देखिन्छ । पेश गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु ५६५५६० मा बाटो ढलान गर्ने कार्य सम्पन्न गरेको देखियो । कार्यालय उपभोक्ता समितिलाई m15 grade 1.2.4 mix सिमेन्ट कँक्रिटको काममा ४६४० घ.मी रु २२३३०० मूल्यको २५५.२० बोरा सिमेन्टको मूल्य भुक्तानी गरेकोमा

उपभोक्ताले २२५ बोराको रु.१९८३१५ मात्र खरिद गरेबाट नर्मस बमोजिम खरिद गर्नुपर्ने भन्दा ३०.२ बोरा सिमेन्ट घटि भएबाट निर्मित कामको गुणस्तर strength मा न्यून हुनाको साथै खरिद परिमाण भन्दा वढी रु २४९८५ सोधभर्ना खर्च गरेकोले वढि सोधभर्ना भएको रकम असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,९२५ |

## ४७ वढी सोधभर्ना

भै नं १००।२०७९।९।५ बाट कालिका आमा समूहको भवन निर्माणको लागि रु.२३१९३७ को लागत अनुमान भै उपभोक्ताले रु.३७९३७ व्यहोर्ने उल्लेख छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.२००३७१ खर्च गरेको छ नर्मस बमोजिम कार्यालयले ३१ बोरा सिमेन्ट रु २७३१७ भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिले ३० बोरा सिमेन्टको रु १८६०० मा खरिद गरेकोले रु ८७१९ वढी सोधभर्ना भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७१६ |

## ४८ सिमेन्टमा वढी भुक्तानी

भै नं १५३।१२।६ मोहरीमा ठूलीगाँऊ मोटरबाटो बडा नं ६ मा गर्नको लागि रु ३४४२१३ को लागत अनुमान भएकोमा रु २९१००० गाँऊपालिकाले व्यहोर्ने उल्लेख छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार बाटो ढलानको कार्य १९.३४ घ मी कार्य गर्न नर्मस बमोजिम ११४.४८ बोरा सिमेन्टको रु ९०२९५ को रु १०३८८ मू.अ.कर सोधभर्ना कार्यालयले गरेकोमा ९५ बोराको रु ८६२० रुपाताल हार्डवेयर एण्ड पेन्टलाई भुक्तानी गरेकोले सिमेन्टको रु १५३६५ वढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३६५ |

## ४९ हस्तान्तरण नहुने कार्य उपभोक्ता समितिबाट गराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई स्वामित्व हस्तान्तरण हुने, निर्माण पश्चातको मर्मत संभारको जिम्मेवारी उपभोक्ता समितिले गर्ने कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने भएतापनि भौ नं १८३।०८०।१।११ वडा नं ३ को कार्यालयमा शौचालय निर्माण बापत रु. ३,४३,२९४.०० को लागत अनुमान गरी रु. ३,४१,५९३.०० को सम्पन्न प्रतिवेदन तयार गरी पालिकाले रु.२,८३,७८३.०० भुक्तानी गरेको देखियो । वडा कार्यालय उपभोक्ता समितिलाई हस्तान्तरण नहुने, हुन नसक्ने र नियमित मर्मत सम्भारको दायित्व पालिकाको हुने हुनाले यस प्रकारको कार्य उपभोक्ता समितिबाट गराएको नियमित नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,८३,७८३ |

## ५० अन्य कार्यालयको दायित्व

एकीकृत बजेट तथा कार्यक्रमको आधारमा बजेट खर्च गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम उपभोक्ता समितिबाट गरिएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको देखरेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत आयोजनाको स्वामीत्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । निम्नानुसार भै नं तथा मितिबाटम संघीय सरकार संरचनामा रहेको निकाय, विभिन्न निर्माण/मर्मतको कार्य गरेवापत उपभोक्ता समितिलाई भुक्तानी गरेको देखियो । संघीय सरकार मातहतको कार्यालयमा गरिने मर्मत निर्माणको लागि सोही सरकारी संयन्त्रबाट बजेट व्यवस्था हुने एंव नियम ९७ बमोजिम उपभोक्ता समितिलाई हस्तान्तरण नहुने, गर्न नमिल्ने र आवधिक कार्य गराएको नियमित नभएको रु

| भै नं र मिति | कामको विवरण | लागत अनुमान | सम्पन्न रकम | गाँऊपालिकाबाट खर्च |
|---|---|---|---|---|
| १६८।०७९।१२।१९ | कालभन्जयाङ् प्रहरी चौकी मर्मत निर्माण उपभोक्ता समिति | २३०२७८ | २२९६१६ | १९४४०० |
| १०३।०७९।९।११ | ईलाका प्रहरी कार्यालय निर्माण उपभोक्ता समिति | २३०८२१ | २१०५२४ | १९४००० |
| १५७।०७९।१२।०७ | देउराली प्रहरी चौकी मर्मत उपभोक्ता समिति | | | १९३१३० |
| | | | जम्मा | ५८१५३० |

| | |
|---|---|
| अनियमित भएको | ५,८१,५३० |

## ५१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि रोजगारीको हकसम्वन्धी ऐन, रोजगारीको हकसम्वन्धी नियमावली, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, युवा रोजगारीका लागी रुपान्तरण पहल योजना, तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत आ.व. २०७९।०८० मा रूपा गाउपालिका अन्तर्गतका ७ वटै वडामा विनियोजित विभिन्न २७ वटा योजना सञ्चालन गरी यस वर्ष कुल सुचिकृत ८४५ जना वेरोजगार व्यक्तिहरुमध्य जम्मा ११४ जनालाई औसत ६५.४२ दिनले कुल ७४५८ दिनको रोजगारी उपलव्ध गराई रु ४६४६२७६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा गाउपालिकाका अन्य नियमित योजना छनौटको आधार लाइ नै आधार मानी बजेट विनियोजन गरेको पाइन्छ ।यद्यपी पुर्ण श्रम मा आधारित योजनाहरु सञ्चालन गरेको र गाउपालिका स्तर वाट लागत साझेदारीमा सञ्चालन गरिने गरी वजेट साझेदारी नगरेको र सो सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा संलग्न वेरोजगार व्यक्तिहरुको ज्याला रकम खर्च सम्वन्धित वेरोजगारको वैक खातामार्फत भुक्तानी गरिएको छ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना

भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालनका लागी स्थानिय तहले समेत अपनत्व ग्रहण गरि प्राप्त कानुनी आधारमा व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ५२ ईन्धन खर्च

चालु प्रकृतिको खर्च मितव्ययी ढङ्गले खर्च गर्नुपर्दछ । पालिकाले ४ पाङ्ग्रे गाडी २ थान, डोजर १ थान, एम्बुलेन्स २ थान, मोटरसाइकल र स्कुटर १३ थान समेत १८ थान सवारी साधनका लागी गत वर्षको तुलनामा यस आ.व मा इन्धन खर्चमा २८.३७ प्रतिशत बढी बजेट विनियोजन गरी खर्च तर्फ १९.८० प्रतिशत बढी इन्धन खर्च गरेको देखियो । यस आर्थिक वर्षमा रु. ८१ लाख बजेट विनियोजन भएकोमा विभिन्न भौचर नं तथा मितिबाट रु. ६९ लाख ५७ हजार ६०८ रुपैयाँ अर्थात ८५.८९ प्रतिशत कार्यालयमा मौजुदा रहेका सवारी साधन, एम्बुलेन्स र डोजर सेवामा इन्धन खर्च लेखेको देखियो । यस्ता प्रकृतिका चालु खर्चमा नियन्त्रण गरी विकास निर्माणका कार्यमा जोड दिनुपर्दछ ।आ.व ०७८।०७९ र ०७९।०८० को ईन्धन खर्चको तुलनात्मक विवरण देहाय अनुसार छ ।

| आर्थिक वर्ष | विवरण | बजेट रकम | खर्च रकम |
|---|---|---|---|
| २०७८।०७९ | इन्धन खर्च | ५८०२००० | ५५७९९४७ |
| २०७९।०८० | इन्धन खर्च | ८०००००० | ६९५७६०८ |

## ५३ जे.सि.वि मर्मत खर्च

कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष जे.सि.वि मर्मतमा रु ७९७०३० खर्च गरेको र जे.सि.वि संचालन गर्ने चालक र सहचालकको तलव भत्ता खर्च रु ८४४००० समेत जे.सि.वि संचालन खर्च रु १६४१०३० खर्च गरेको विवरण देखिन्छ । गाउँपालिकाले जे.सि.वि मा प्रयोग भएको इन्धन, चालक, सहचालकको तलब, मर्मत संभार खर्च जोडदा उल्लेख्य रुपमा खर्च भएको छ । उक्त जे.सि.भि संचालनबाट पालिकालाई रकम प्राप्त भएको देखिंदैन ।गाउँपालिकाले प्रतिफल प्राप्त नहुने र संचालन तथा उपभोग्य खर्चमा बढोत्तरी गर्ने खालका सवारी साधन प्रयोगमा ल्याउन मापदण्ड बनाई र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई मात्र खर्च गर्नुपर्दछ ।

## ५४ गाउँपालिका स्थापना दिवस खर्च

समानीकरण अनदान चालु भौ.नं ३८३।०८०।१।१२ बाट कार्यालयले स्थापना दिवस मनाउनको लागि रु १८६०२२८ खर्च गरेको देखियो । सालबसाली रुपमा मनाइने स्थापना दिवस कम खर्चिलो र मितव्ययी ढङ्गले सम्पन्न गर्नुपर्दछ । गाऊँपालिकाको स्थापना दिवसमा उल्लेख्य खर्च गरेकोले यस्ता खर्चमा नियन्त्रण एवं कम खर्चिलो रुपमा गर्ने तर्फ नीति अवलम्बन गरीनुपर्दछ ।

## ५५ वितरणमुखी खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सृजना हुने गरी अधिकतम प्रतिफल दिने कार्यमा खर्च गरिनुपर्दछ । कार्यविधि वेगर वितरणमुखी कार्यमा खर्च गर्दा सो बाट पालिकाबाट प्रतिफल प्राप्त हुने देखिदैन । यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित रहि पारदर्शि तवारले गर्नुपर्दछ । साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ । नमूना छनौटको आधारमा परीक्षण गर्दा देहाएका केही उदाहरुण निम्न छनः

| भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३४५।०७९।१२।६ | वडा नं ५ को मोटरेवल पुल, वडा नं ३ को फैंचोक सडकखण्ड उद्धघाटन कार्यक्रम खर्च | १०९१५४ |
| ३४६।०७९।१२।०७ | तमु ल्होसार, शान्तिदिप यूवा क्लव | ४९४४५ |
| ४०९।०८०।१।२५ | नेपाल कर्मचारी यूनियन आर्थिक सहायता | २०००० |
| ४६४।०८०।३।३ | निजामती कर्मचारी संगठन | ३०००० |
| ५११।०८०।३।२१ | नेपाल निजामती कर्मचारी संगठन | १५००० |
| जम्मा | | ११४४४५ |

## ५६ सवारी साधन ईन्धन खर्च

सवारी साधन ईन्धन खर्चः कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय अनुसारको सवारी साधनलाई संचालन गर्दा इन्धन खर्च लागेको उल्लेख छ ।कार्यालयले गाडी प्रयोग गर्नुको उद्देश्य, सवारी साधन प्रयोग गर्नेको दस्तखत र प्रयोजन खुलाई हरेक दिन इन्धनको लगसिट प्रमाणित गरी गराई मात्र इन्धन खर्च गर्नुपर्दछ । हरेक सवारी साधनले एक लिटरले कति कि.मि सम्म दुरी दिने हो खुलाई सोही अनुसार खर्च नियन्त्रण गर्नुपर्ने, सरकारी काम बाहेक अन्यत्र प्रयोग नहुने, प्रयोग हुन नसक्ने गरी आन्तरिक नियन्त्रण कायम गरी इन्धन खर्च गर्नुपर्दछ । देहायको सवारी साधनहरुलाई निम्न बमोजिम इन्धन खर्च गरेको विवरण प्राप्त भएको छ । सो अनुसार आर्थिक वर्ष २०७९।०८० मा भएको खर्चको स्थिति यस प्रकार छ ।

| सवारी साधन | इन्धन खपत परीक्षण | दर | रकम |
|---|---|---|---|
| ग.१.झ ३१९ | ३८२२ | १५७ | ६०००५४ |

| | | | |
|---|---|---|---|
| बा.१.झ ५८६८ | ३१७२ | १५७ | ४९८००४ |
| व्याको हु लोडर | १३९६० | १५७ | २१९१७२० |
| | | | ३२८९७७८ |

उपरोक्त अनुसार इन्धन खर्चमा उल्लेखित खर्च गरेकोले निश्चित मापदण्ड बनाई र प्रभावकारी अनुगमन संयन्त्र खर्च नियन्त्रण गरिनुपर्दछ ।

## ५७ पदाधिकारी चाडपर्व सुवधा

गण्डकी प्रदेश सरकारद्धारा प्रकाशित गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी व्यवस्थामा वार्षिक रुपमा एकपटक चाडपर्व सुविधा पाउने व्यवस्था गरेको छ। गो.भौ.न. १६ मिति २०७९।०६।१३ बाट पदाधिकारीहरु अध्यक्ष र उपाध्यक्षलाई रु. २५000.00 का दरले, वडा अध्यक्ष ७ जना प्रति व्यक्ति रु.२0000.00, कार्यपालिका सदस्य ५ जना प्रतिव्यक्ति रु. १८000.00, र सभा सदस्य २३ जना प्रति व्यक्ति रु. १५000.00 का दरले चाडपर्व बापत ३७ जना पदाधिकारीलाई रु. ६,२५,000.00 भुक्तानी चाडपर्व सुविधा दिनुपर्ने देखिन्छ । तर निर्वाचित पदाधिकारीले निर्वाचित हुनुपूर्व अन्य सरकारी संघ संस्था लगायतका सरकारी सेवामा कार्य गरे बापत निवृतिभरण प्राप्त गर्ने गरे नगरेको सम्बन्धमा पालिकाले स्वघोषणा फाराम भरे भराएको देखिएन । स्वघोषणा फाराम नहुँदा चाडपर्व बापतको रकम निवृतिभरण तर्फ र पदाधिकारी सुविधा दुवै तर्फ बुझिलिँदा दोहोरो पर्न नदिन स्वघोषणा फारम भर्न लगाई भुक्तानी दिनुपर्दछ ।

## ५८ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यस वर्ष पालिकाले १९७0000 बजेट उप शिर्षकबाट विभिन्न फर्मसँग रु ११६00५९ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

## ५९ विपदको समयमा सिकाई निरन्तरता कार्यक्रम

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को कृयाकलाप नं २.७.१३.४९ मा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताको लागि अतिरिक्त कक्षा संचालन गर्ने, शिक्षकहरुलाई कार्यमूलक अनुसन्धान गर्न लगाउने, अस्थाई सिकाई सहजीकरण केन्द्र स्थापना तथा सूचना प्रविधिको प्रयोग गरी वैकल्पिक सिकाईका लागि अध्ययन सामग्री निर्माण गर्ने उल्लेख भएकोमा पालिकाले गो भौ नं ३००।२०८०।३।१७ बाट

आदर्श अफसेट प्रिन्टर्सलाई ३३६९३७ भुक्तानी भएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार कार्य गर्नुपर्नेमा होमवर्क डायरी, विद्यार्थी मूल्याङ्कन पुस्तिका, शिक्षण सिकाई समय कार्यान्वयन डायरी जस्ता नियमित छपाई गरेको देखियो । यसरी भएको खर्चलाई नियमित मान्न नसकिने हुँदा नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ३,३६,९३७ |

## ६० निशुल्क पाठ्यपुस्तक अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० को क्रियाकलाप नं २.४.६.१ को ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा १ देखि १० सम्मको लागि तेस्रो त्रैमासिकभित्र, ११ देखि १२ सम्मका लागि आर्थिक वर्षको पहिलो त्रैमासिक भित्रै निशुल्क पाठ्यपुस्तक अनुदान रकम उपलब्ध गराउनुपर्ने उल्लेख छ ।पालिकाले २९ विद्यालयमा कक्षा १-१० सम्मका विद्यार्थीलाई मिति २०८०।०१।०६ गते तथा कक्षा ११-१२ का विद्यार्थीलाई मिति २०८०।३।११ गते मात्र निकासा प्रदान गरेको छ । कक्षा १-१० सम्मका विद्यार्थीलाई शैक्षिक शत्र शुरु हुनु अगावै पुस्तिका अनदान वितरण गर्नुपर्नेमा ढिला गरी वितरण भएको हुँदा समयमै पाठ्यपुस्तक अनुदान वितरण गर्नतर्फ ध्यान दिनुपर्दछ ।

## ६१ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ५५९ जना लाई पालिकाले सशर्त अनुदान बाट ४८५० पाकेट स्यानिटरी प्याड रु ५०९२४८ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। तसर्थ, पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

## ६२ विद्यालय भौतिक पूर्वाधार निर्माण

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ ।उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.१७७७५७६०.०० लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ, निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु

| क्र सं | विद्यालयको नाम | निकासा प्रयोजन | **निकासा रु.** |
|---|---|---|---|
| १ | जनता मा.वि रूपा — ३ | भवन निर्माण | रू.५०,००,००० |
| २ | रामकोट नमुना मा.वि रूपा- ७ | पूर्वाधार निर्माण | रु.७७,७५,७६० |
| | | शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन | रु.५०,००,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७७,७५,७६० |

६३ **स्वर्ण महोत्वस मनाउन विद्यालयलाई भुक्तानी**

पूँजीगत खर्च नतिजा प्राप्त गर्ने ढङ्गले र चालु खर्च मितव्ययि ढङ्गले गर्नुपर्दछ । भौ.नं ५६३ मिति २०८०।३।२४ बाट चन्द्रप्रभा मा.वि लाई ५० औ बर्षगाठको स्थापना दिवस मनाउन भनी रु १००००० विद्यालयलाई भुक्तानी गरेको देखियो । विद्यालयको स्वर्ण महोत्सव समारोह मितव्ययी ढङ्गले संचालन गर्नु गराउनु पर्नेमा सो वेगर गाउपालिकाले रकम भुक्तानी गर्नु नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

६४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र सं | विद्यालय | शिक्षक दरबन्दी विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा वि | | | नि मा वि | | | मा वि | | | ११ र १२ को अनुदान | जम्मा विद्यार्थी |
| | | स्थायी | करार | राहत | स्थायी | करार | राहत | स्थायी | करार | राहत | | |
| 1 | सरस्वती आ वि रुपा ७ | ३ | | | | | | | | | | २९ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | रामकोट मा वि रुपा ७ | ३ | १ | | ३ | | | ४ | २ | | २ | १९१ |
| 3 | अरुणोदय आ वि रुपा ७ | ३ | २ | | ३ | | | | | | | ९५ |
| 4 | इन्द्रायणी आ वि रुपा ७ | ५ | ३ | | | | | | | | | ५८ |
| 5 | देउराली आ वि रुपा ७ | ४ | १ | | | | | | | | | ७२ |
| 6 | रिठुमाला आ वि रुपा १ | २ | १ | | | | | | | | | ५४ |
| 7 | कालिका मा वि रुपा १ | ६ | १ | | २ | | २ | | | | | १६९ |
| 8 | सरस्वती आ वि रुपा १ | १ | २ | | | | | | | | | ३८ |
| 9 | चण्डी आ वि रुपा १ | २ | १ | | | | | | | | | ३९ |
| 10 | जटेश्वर मा वि रुपा १ | १ | ३ | | ३ | | १ | | | २ | | ५७ |
| 11 | शिवालय मा वि रुपा २ | ३ | १ | १ | ३ | | | ५ | | | २ | २०६ |
| 12 | कुलेश्वर आ वि रुपा २ | १ | १ | | | | | | | | | १९१ |
| 13 | शारदा आ वि रुपा ६ | २ | १ | | | | | | | | | ५२ |
| 14 | चन्द्रप्रभा मा वि रुपा ६ | ४ | २ | | ३ | | | ४ | | २ | २ | २५४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 15 | ज्योतिप्रकास आ वि रुपा ६ | २ | | | | | | | | | | २५४ |
| 16 | पृथ्विरुपा मा वि रुपा ६ | ७ | | १ | १ | | २ | १ | | | | ८० |
| 17 | कमल आ वि रुपा ६ | ३ | | | | | | | | | | २८ |
| 18 | रुपाज्योति मावि रुपा ६ | ८ | १ | | | | २ | | | १ | | १३१ |
| 19 | सुर्योदय आ वि रुपा ६ | १ | १ | | | | | | | | | १७ |
| 20 | गाउफर्क आ वि रुपा ५ | २ | २ | | | | | | | | | ३८ |
| 21 | विश्वशान्ति मा वि रुपा ५ | ६ | | | ३ | | | ६ | | | २ | २९३ |
| 22 | विरेन्द्र आ वि रुपा ५ | २ | १ | | | | | | | | | २९ |
| 23 | भैरवी आ वि रुपा ५ | २ | १ | | | | | | | | | ३६ |
| 24 | महेन्द्र आ वि रुपा ४ | २ | १ | १ | | | | | | | | ५५ |
| 25 | गाउफर्क मा वि रुपा ४ | १ | ३ | | ४ | | | १ | | २ | | ७७ |
| 26 | जनता मा वि रुपा ३ | ३ | ४ | | | | ३ | १ | | | | २१४ |
| 27 | वागेश्वरी आ वि रुपा ३ | २ | | | | | | | | | | २८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 28 | माइमैदान आ वि रुपा ३ | १ | २ | | | | | | | | | २१ |
| 29 | कल्प आ वि रुपा ४ | ३ | | | | | | | | | | १७ |
| | | | | | | | | | | | | २४२२ |

शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

## ६५ कार्यक्रमको अनुगमन

जर्मन सरकार BMZ र KKS को आर्थिक सहयोग र रुपा गाउँपालिकाको साझेदारीमा असल छिमेकी सहयोग संघ( गोनेसो) र गाँउपालिकामा संचालन भइरहेको CEEC परियोजना अन्तर्गत गरिवी तथा विपन्न परिवारको अभिभावकलाई आय आर्जनमा सुधार गर्ने उद्देश्यले कार्यक्रम संचालित छ । निम्नानुसारका कार्यक्रमको लागि देहाय बमोजिम खर्च गरेको देखिन्छ । गाउँपालिकाले बाखा तथा खोर निर्माणको लागि १५ प्रतिशत गा.पा अनुदान, ८५ प्रतिशत संस्थाको सहयोग अनुदान दिएकोमा संस्थाको सहयोग र गाँउपालिकाबाट सोही कार्यक्रममा खर्च समेत गरेकोले एउटै कार्यक्रमको लागि भएको खर्चको दोहोरो परे नपरेको यकिन गरि विपन्न परिवारको जीवनस्तरमा ल्याएको सकारात्मक परिवर्तनको सूचक तयार गरि खर्चको उपलब्धि देखिएको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु

| भै.नं मिति | वितरण विवरण | रकम | सम्बन्धित लाभग्राही समूह |
|---|---|---|---|
| ४३९।०८०।२।१९ | बाखा खरिद वितरण ४६ वटा | ५८८८०० | तारापौडेल कृषि तथा पशुपंक्षी कर्म |
| ४६।०७९।७।१७ | बाखा खरिद, वितरण ५० बाटा | ३७५००० | ढुङ्गेगाडे कृषि तथा कृषक समूह |
| ३८४।०८०।१।१२ | कुखुराको चल्ला ३०० कुखुरा | १००००० | सिद्धि विनायक पोल्ट्री एक कृषि फर्म एचवि मेटल उघोग |
| ५५८।०८०।३।२४ | बाखा खरिद वितरण ६० बाखा | ५२२००० | पूनिक मल्टी एग्रो एण्ड पशु फर्म |
| जम्मा | १५६ बाखा, ३०० कुखुरा चल्ला | १५८५८०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,८५,८०० |

## ६६ सामाजिक सुरक्षा भत्ता वितरण बापतको खर्च

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता अनिवार्य रुपमा बैक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले बैक मार्फत भत्ता वितरण हुने अवस्थामा निम्नानुसार गो.भौ.नं बाट सामाजिक सुरक्षा भत्ता वितरण बापतको सवारी साधन भाडा, खाजा, खाना खर्च लेखेको देखियो । बैंक मार्फत लाभग्राहीको खातामा भत्ता वितरण गर्नुपर्नेमा वडा वडामा गई भत्ता बैंक मार्फत गरी उक्त रु. ५६,०००.०० खर्च लेखी कार्यालय चालु खर्चमा व्ययभार बढ्न गएकोले यस्तो खर्चमा मितव्ययी र औचित्य बेगरको खर्च अनियमित देखिएको रु.

| गो.भौ.नं र मिति | विवरण | रकम रु. |
|---|---|---|
| ५२-२०७९।०७।२१ | सा.सु भत्ता वितरणका लागी गा.पा. सनराईज बैक कर्मचारी पदाधिकारी लिने ल्याउने कार्य बापत ग २ च ६२२ का सवारी चालकलाई भुक्तानी | १५०००.०० |
| २९४-२०७९।१०।२४ | सामाजिक सुरक्षा भत्ता वितरणका लागी सवारी भाडा | १७०००.०० |
| ४०३-२०८०।०१।२१ | सामाजिक सुरक्षा भत्ता वितरणका लागी सवारी भाड विकास लामिछानेलाई भुक्तानी | २४०००.०० |
| | जम्मा रकम रु. | ५६,०००.०० |

| | |
|---|---|
| अनियमित भएको | ५६,००० |

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : रुपा गाउँपालिका, कास्की , रुपा गाउँपालिका , कास्की

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री चिरञ्जीवी बराल | २०८०-७-१३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | श्री सन्तोेष ढुंगाना | २०७७-५-१ | २०८०-७-१२ |
| लेखा प्रमुख | लेखनाथ अधिकारी | २०७९-६-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ज्योती गुरुङ | २०७६-२-१ | २०७९-६-१ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४९,००६ | १,६५८,२५० | २०,८१४,२९२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २२,५२१,५४८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २२,५२१,५४८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १११५४८८३०.३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८८०२५९०७.६८ | **चालु खर्च** | २८५७३२९४७.३ |
| **प्रदेश सरकारबाट अनुदान** | १२६११६१३ | **पूँजीगत खर्च** | १०६६०४८२९.३७ |
| **राजश्व बाँडफाँट** | ६५३९४२७८.९६ | **वित्तीय/अन्य व्यवस्था** | १२२८४२४९ |
| **आन्तरिक आय** | ११६२७२६३.०३ | | |
| **अन्य आय** | १२०२१२९६४.४२ | | |
| **कुल आय** | ४९७८७२०२७.०९ | **कुल खर्च** | ५१५१८०२२५.६७ |
| **बाँकी मौज्दात** | | ९४२४०६३१.७२ | |

**अनुसूची - २**

| सि.नं | लेखापरीण | लेखापरीण गरएका िविषय |
|---|---|---|
| 1 | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ अनुदान निर्देशिका अनुसार भए नभएको |
| 2 | चालु तथा प्रशासनिक खर्च | तलब भत्ता तथा अन्य विविध खर्च |
| 3 | अख्तियारी तथा अन्य सशर्त कार्यक्रम | शिक्षा, स्वास्थ्य तथा पूर्वाधार सम्वबन्धि खर्च |
| 4 | शिक्षा तर्फ | शिक्षकको तबल निकासा , विद्यालय व्यवस्थापन खर्च, निशुल्क पाठ्यपुस्तक, छात्रवृति लागायतका विविध विषय |
| 5 | सामाजिक सुरक्षा | कार्याविधि पालना भए नभएको |
| 6 | उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । | खरिद नियमावली पालना भए नभएको |
| 7 | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | खरिद नियम पालना भए नभएको |
| 8 | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 9 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| 10 | स्वास्थ्यतर्फ | मुख्य स्वास्थ्य कर्यक्रम कार्यविधि अनुसार भए नभएको । |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| विवरण | | यस वर्ष रु. | गतवर्ष रु. |
|---|---|---|---|

| | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५५,७२,४७,४३३.८१ | ३७,९६,०५,३३४.७० | | ३७,९६,०५,३३४.७० | ३८,६१,९४,११८.९८ | | ३८,६१,९४,११८.९८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५५,७२,४७,४३३.८१ | ३७,७६,५९,०६०.७० | ० | ३७,७६,५९,०६०.७० | ३८,२७,४३,५१६.९८ | ० | ३८,२७,४३,५१६.९८ |
| ११००० कर | ११ | ८,०८,७०,०००.०० | ६,८७,५९,७३४.०२ | ० | ६,८७,५९,७३४.०२ | ६,०१,४८,३६९.८३ | ० | ६,०१,४८,३६९.८३ |
| १३००० अनुदान | | ३६,०४,०४,५००.०० | ३०,०६,३७,५२०.६८ | ० | ३०,०६,३७,५२०.६८ | ३१,२६,८८,०७५.१५ | ० | ३१,२६,८८,०७५.१५ |
| संघीय सरकार | १२ | ३३,०५,५२,०००.०० | २८,८०,२५,९०७.६८ | ० | २८,८०,२५,९०७.६८ | २९,६८,६२,०१२.१५ | ० | २९,६८,६२,०१२.१५ |
| प्रदेश सरकार | १२ | १,९४,३१,०००.०० | १,२६,११,६१३.०० | ० | १,२६,११,६१३.०० | १,३७,७६,०६३.०० | ० | १,३७,७६,०६३.०० |
| अन्तरिक श्रोत | | १,०४,२१,५००.०० | ० | ० | ० | २०,५०,०००.०० | ० | २०,५०,०००.०० |
| १४००० अन्य राजस्व | | १,३२,५०,०००.०० | ८२,१९,९३९.०० | ० | ८२,१९,९३९.०० | ९६,२९,६३२.०० | ० | ९६,२९,६३२.०० |
| १५००० विविध प्राप्ति | | ० | ४१,८६७.०० | ० | ४१,८६७.०० | २,७७,४४०.०० | ० | २,७७,४४०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १०,२७,२२,९३३.८१ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | | १९,४६,२७४.०० | | १९,४६,२७४.०० | ३४,५०,६०२.०० | | ३४,५०,६०२.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ० | ० | ० | ० | ६,७८,२१४.०० | ० | ६,७८,२१४.०० |
| धरौटी | | ० | १९,४६,२७४.०० | ० | १९,४६,२७४.०० | २७,७२,३८८.०० | ० | २७,७२,३८८.०० |
| संघीय, प्रदेश | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सरकार वा अन्य कार्यक्रम | | | | | | | | |
| भुक्तानी (ग+घ) | | ५५,७२,४७,४३३.८१ | ३९,६९,१३,५३३.३४ | | ३९,६९,१३,५३३.३४ | ३६,३५,९०,६७४.२७ | | ३६,३५,९०,६७४.२७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५५,७२,४७,४३३.८१ | ३९,२३,३७,७७८.३४ | | ३९,२३,३७,७७८.३४ | ३५,८२,९७,८९६.२७ | | ३५,८२,९७,८९६.२७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ८,८६,०१,०००.०० | ७,५९,८१,४४७.४७ | ० | ७,५९,८१,४४७.४७ | ४,९२,२२,७८८.९० | ० | ४,९२,२२,७८८.९० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,९८,५९,९९४.८१ | ९,५८,९०,४३५.५० | ० | ९,५८,९०,४३५.५० | ९,३४,०३,७६१.२३ | ० | ९,३४,०३,७६१.२३ |
| २५००० सहायता (Subsidy) | १८ | ३९,०२,८८८.०० | २२,१७,८२७.०० | ० | २२,१७,८२७.०० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ११,०८,२१,०००.०० | १०,८३,२५,४९६.०० | ० | १०,८३,२५,४९६.०० | ११,६९,३३,३१६.६४ | ० | ११,६९,३३,३१६.६४ |
| २७००० सामाजिक सुरक्षा | १८ | ५६,१६,०००.०० | ३२,०९,२३९.०० | ० | ३२,०९,२३९.०० | ४५,१०,०००.०० | ० | ४५,१०,०००.०० |
| २८००० अन्य खर्च | १८ | ८०,४५,९३७.०० | १,०८,५०४.०० | ० | १,०८,५०४.०० | १०,१२,४९२.०० | ० | १०,१२,४९२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८,०४,००,६१४.०० | १०,६६,०४,८२९.३७ | ० | १०,६६,०४,८२९.३७ | ९,३२,१५,५३७.५० | ० | ९,३२,१५,५३७.५० |
| घ. अन्य भूक्तानी | | | ४५,७५,७५५.०० | | ४५,७५,७५५.०० | ३६,३५,९०,६७४.२७ | | ३६,३५,९०,६७४.२७ |
| कोषहरु | | ० | ० | ० | ० | ४१,७२,२६०.०० | ० | ४१,७२,२६०.०० |
| धरौटी | | ० | ४५,७५,७५५.०० | ० | ४५,७५,७५५.०० | ११,२०,५१८.०० | ० | ११,२०,५१८.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,७३,०८,१९८.६४) | | (१,७३,०८,१९८.६४) | २,२६,०३,४४४.७१ | | २,२६,०३,४४४.७१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ११,१५,४८,८३०.३६ | | ११,१५,४८,८३०.३६ | ८,८९,४५,३८५.६५ | | ८,८९,४५,३८५.६५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ९,४२,४०,६३१.७२ | | ९,४२,४०,६३१.७२ | ११,१५,४८,८३०.३६ | | ११,१५,४८,८३०.३६ |